# गेरुवा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः ५ मितिः २०७६/०३/१०

भाग–२

गेरुवा गाउँपालिकाको सूचना

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम बनेको गेरुवा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा (४) बमोजिम गेरुवा गाउँ कार्यपालिकाले मिति २०७६/०३/१० मा जारी गरेको देहाय बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७६ सालको नियम नं. ५

## गेरुवा गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६

# ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६

**१.परिचय :** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं. १६ बमोजिमको कार्य गर्न ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६, जारी गरिएको छ ।

**२.परिचय-पत्र वितरणका आधार :** नेपालको संविधानको धारा ४१ मा उल्लेख भएबमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

**क)** ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने ।

**ख)** नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

**ग)** प्रचलित ऐन, नियमअनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.लक्षित वर्ग :** ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.ज्येष्ठ नागरिकको वर्गीकरण :** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहायवमोजिम गरिएको छ :

**(क)** सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

**(ख)** सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

**(ग)** असहाय ज्येष्ठ नागरिक,

**(घ)** अशक्त ज्येष्ठ नागरिक,

**(ङ)** एकल ज्येष्ठ नागरिक ।

**६. परिचय-पत्र वितरणका मापदण्ड :** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम गेरुवा गाउँपालिका भित्रका साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय-पत्रको ढाँचाः** ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको परिचय पत्रको यस कार्यविधिको अनुसूची २ बमोजिमकोएकापट्टी नेपाली भाषामा र अर्कापट्टी अंग्रेजी भाषामा हुनेछ ।ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ ।

**८. परिचय-पत्र वितरण प्रक्रिया :**

**(क)** ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित गेरुवा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

**(ख)** निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि वा मतदाता परिचय पत्रको प्रतिलिपि वा ३ (तीन) प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । उल्लेखित प्रमाणपत्र नभएमा वडा अध्यक्षले कागज प्रमाण वा स्थलगत निरिक्षण गरी उचित ठहरेमा जेष्ठ नागरिक परिचय पत्रको लागी सिफारिस गरेमा परिचय पत्र दिन सकिनेछ ।

**ग)** ज्येष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी महिला तथा बालबालिका शाखाको प्रमुख वा सो शाखाको जिम्मेवारी वहन गर्ने कर्मचारीको सिफारिसमा गेरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गर्ने पदाधिकारीको हुनेछ ।

**घ)** परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिएबमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी कार्यालयमा राख्नुपर्ने छ ।

**ङ)**हराएमा ,नासिएमा वा प्राकृतिक प्रकोपमा परेको ठहरेमा जेष्ठ नागरिक परिचय पत्र पुनः बनाउनुपर्नेछ ।

**च)** यसरी निवेदन परेमा आवश्यक कागज प्रमाणको आधारमा गाउँपालिकाको कार्यालयले प्रतिलिपि दिनुपर्नेछ ।

**९. विविध :**

**क)** ज्येष्ठ नागरिक परिचय-पत्र वितरणमा असहजता आई थप स्पष्टता हुनुपर्ने देखिएमा सहजताको लागि कार्यपालिकाले स्पष्टता गर्न सक्नेछ ।

**ख)** ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लिखित व्यवस्थाबाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

**ग)** यो कार्यविधि गेरुवा गाउँपालिकाको बैठकबाट निर्णय भएपछि लागू हुनेछ । यो कार्यविधि लागू हुनु भन्दा अघि जारी प्रक्रिया पुरा गरी वितरण भएका जेष्ठ नागरिक परिचय पत्र वितरण सम्बन्धि कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

**घ)** पछि निजको कुनै प्रमाणले उमेर नपुगेको ठहरेमा सो परिचय पत्र जुनसुकै समयमा बदर गर्न सकिने छ ।

**ङ)** खारेजी र बचाउ : **(१)** यस अघि वितरण भएका जेष्ठ नागरिक परिचय पत्र र अभिलेखहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

**(२)** यस नियमावलीमा भएको व्यवस्थाहरु कुनै प्रचलित ऐन नियम सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**(३)** जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा यस अघि भएका प्रावधानहरु यस नियमावली स्वीकृत पश्चात स्वत निस्कृय हुनेछन् ।

# अनुसूचीहरु

**अनुसूची १ :** जेष्ठ नागरिक परिचय पत्रको ढाँचा

**अनुसूची २ :** जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा

**अनुसूची ३ :** ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि वडा अध्यक्षको सिफारिस

**अनुसूची ४ :** ज्येष्ठ नागरिक परिचय पत्र प्रतिलिपिको लागि वडा वडा अध्यक्षको सिफारिस

**अनुसूची ५ :** जेष्ठ नागरिक परिचय पत्र विवरण कार्यालयमा राखिने दर्ता अभिलेख

**अनुसुची १**
**अगाडी**

जेष्ठ नागरिक परिचय पत्रको ढाँचा

गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर , बर्दिया
५ नं. प्रदेश नेपाल

जेष्ठ नागरिक परिचय पत्र फोटो

परिचय पत्र नं............
नाम थरः ...........................................
ना.प्र.न.: ................ जारी मिती : ............................
ठेगानाः प्रदेश .......................जिल्ला ........................गा.पा : ...........................
वडा नं.: ........... टोल/गाऊँः ................................
उमेरः .......... लिङ्गः .......... रक्त समूह : ...........................
उपलब्ध छुट तथा सुविधाहरु : यातायत र उपचार (अन्य)
पति/पत्नीको नाम : ........................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ..........................................................
परिचयपत्र वाहकको दस्तखत :.........................................

औँठा छाप

| दाँया | बाँया |
|---|---|
| | |

संरक्षकको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं. ......................................
रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :

प्रमाणित गर्ने अधिकृतको

दस्तखत :............................
नाम थर :............................
पद : .................................

मितिः.................................

"यो परिचयपत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालय वा स्थानिय निकायमा बुझाईदिनुहोला"

Annex 2

After

Senior Citizenship Identity Card Format

Geruwa Rural Municipality

Office of Rural Municipal Executive

Pashupatinagar, Bardiya

5 No. Province Nepal

Senior Citizenship Identity Card

ID Card Number :…. Photographs

Full Name of Person: ……………………………

Citizenship Number: ………….. Issue Date ………………

Address:Province……District…………………Rural Municipality…………

Ward No.: ………… Tole/Village:…………………..

Age :………… Sex:……….. Blood Group :…………….

Discount Facility :- Transportation & Medicare(Other)

Husband/Wife Name…………………

Discription of Care Center if Stayed ………………………

Signature of ID Cards Holders…………………………..

Finger Print

| Right | Left |
|---|---|
| | |

Full Name Address & Contact No. of Guardians :………………

It there is disease, it's name & prescribed medicine's name:………………………..

Approved By

Signature …………..

Name ……………..

Designation ……………..

Date ………………

"If somebody finds this ID card, please deposit it in the nearby police station or municipality office"

**अनुसूची २**

**जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि दिने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मिती :....................
गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर , बर्दिया
प्रदेश नं. ५

विषय : ज्येष्ठ नागरिक परिचय-पत्र पाउँ ।

उपरोक्त सम्बन्धमा मेरो नागरिकताको प्रमाणपत्र/मतदाता परिचय पत्र ...................... प्रमाण पत्रको आधारमा मेरो उमेर ६० वर्ष पुरा भएकोले नियमानुसार जेष्ठ नागरिक परिचय पत्र पाउँ भनि यो निवेदन पेश गर्दछु ।

**संलग्न**

१) नेपाली नागरिकताको प्रमाणपत्र /मतदाता परिचय पत्रको फोटोकपी १ थान

२) अटो साईजको फोटो ३ (तीन) प्रति

**निवेदक**

औँठा छाप

दस्तखतः............................

| दाँया | बाँया |
|---|---|
| | |

नाम थर : .....................................
नागरिकता नं. : ............................
स्थायी ठेगाना : प्रदेश.......... गा.पा...........वडा नं....बर्दिया
संरक्षको नाम थर : .......................................

## अनुसूची ३

**ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि वडा अध्यक्षको सिफारिस**

**गेरुवा गाउँपालिका**

**................... नं.वडा कार्यालय .................. , बर्दिया**

**५ नं. प्रदेश, नेपाल**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मिती :......................

गेरुवा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पशुपतिनगर , बर्दिया

प्रदेश नं. ५

विषय : **सिफारिस गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गेरुवा गाउँपालिका वडा नं. ........... बस्ने बर्ष ....... को श्री ......................... लाई जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई सहयोग गरिदिनहुन यो सिफारिस गरिएको अनुरोध गरिन्छ । .

**सिफारिस गर्ने**

दस्तखत :...........................

वडा अध्यक्षको नाम :.....................

मिती :..................................

**अनुसूची ४**

**ज्येष्ठ नागरिक परिचय पत्र प्रतिलिपिको लागि वडा वडा अध्यक्षको सिफारिस**

**गेरुवा गाउँपालिका**

**.................. नं.वडा कार्यालय ................. , बर्दिया**

**५ नं. प्रदेश, नेपाल**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मिती :.........................
गेरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर , बर्दिया
प्रदेश नं. ५

विषय : **सिफारिस सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस गेरुवा गाउँपालिका वडा नं. ........... बस्ने बर्ष ....... को श्री ........................ गेरुवा गाउँपालिकाको स्थायी बासिन्दा भएको र निज व्यक्तिको ..................... नं को जेष्ठ नागरिक परिचय पत्र ( **हराएको/ जलेको/ बाढी डुबान वा अन्य** )कारणले नष्ट भएको हुँदा निजलाई जेष्ठ नागरिक परिचय पत्र ( **पहिलो/ दोस्रो /तेस्रो** ) प्रतिलिपि उपलब्ध गराईदिनहुन अनुरोध गरिन्छ । .

**सिफारिस गर्ने**

दस्तखत :...........................

वडा अध्यक्षको नाम :....................

मिती :.................................

## अनुसूची ५
## जेष्ठ नागरिक परिचय पत्र विवरण
## कार्यालयमा राखिने दर्ता अभिलेख

| क्र.स. | परिचय पत्र नं. | प्राप्त मिती | ठेगाना | जेष्ठ नागरिक व्यक्तिको नाम थर | जन्म मिति | जेष्ठ नागरि परिचय पत्रको किसिम | लिंग | बाबु/आमा/पति/पत्नी | बाजे/ससुरा | संरक्षक व्यक्तिको नाम थर फोन नं. | बुझिलिनेको दस्तखत | प्रमाणित गर्ने अधिकारीको नाम थर | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**आज्ञाले,**

**धर्मराज न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**